एस. उप्रेती एण्ड एसोसियटस्
चार्टर्ड एकाउण्टेण्टस्

**S. Uprety & Associates**
Chartered Accountants

मिति: २०७२/ ०९/ १४

श्री, नगर परिषद
ललितपूर उपमहानगरपालिका कार्यालय
पूल्चोक, ललितपूर, नेपाल

१८१९७
२०७२।९।१४.

विषय : आ.व. २०७१।७२ को अन्तिम लेखापरीक्षणको अन्तिम प्रतिवेदन ।

महोदय,

श्री ललितपूर उपमहानगरपालिका कार्यालयबाट आ.व. २०७१।०७२ को अन्तिम लेखापरीक्षण कार्यको लागि हामीलाई लेखापरीक्षकमा नियुक्त भए पश्चात् उक्त आर्थिक वर्षको अन्तिम लेखापरीक्षण कार्य सम्पन्न गरी उक्त आर्थिक वर्ष संग सम्बन्धित लेखापरीक्षणको अन्तिम प्रतिवेदन पेश गरेका छौं । सो प्रतिवेदनमा उल्लेखित विषयहरू उपर तहाको प्रतिकृयाका साथै वार्षिक हिसाब पारित गरि हामीलाई उपलब्ध गराइ दिनुभएमा अन्तिम लेखापरीक्षण प्रतिवेदन पेश गरिने व्यहोरा अनुरोध गरिन्छ ।

लेखापरीक्षणको सिलसिलामा गर्नुभएको सहयोगका लागि नगर परिषदका सदस्यहरू, कार्यलयका पदाधिकारी एवं कार्यलयका सम्पुर्ण कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दछौं ।

भवदीय,

(शैलेन्द्र उप्रेती)
प्रोप्राइटर
एस. उप्रेती एण्ड एसोसिएटस्
चार्टर्ड एकाउटेन्टस्

P.O.Box: 9113, Dillibazar, Kathmandu, Nepal
Tel: +977-9841297269, cauprety@gmail.com

ललितपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७१।०७२ को लेखापरिक्षकको प्रतिवेदन

श्री नगरपरिषद् सदस्य महानुभावहरू,
ललितपुर उपमहानगरपालिका
ललितपुर

१। हामीले ललितपुर उपमहानगरपालिका कार्यालय, ललितपुरको आर्थिक वर्ष २०७१।०७२ को संयुक्त वार्षिक आय व्यय विवरण र सो सँग सम्बन्धित अनुसुचीहरूको लेखापरिक्षण सम्पन्न गरेका छौं । आफूले गरेका कारोबारको लेखा राख्नु, सो लेखा अनुसार आर्थिक विवरण तयार पार्नु र खुलाउनु पर्ने सारभूत विषयलाई आय व्यय विवरणमा दर्शाउनु उपमहानगरपालिकाको जिम्मेवारी हो । सो आय व्यय विवरणले लेखा र आर्थिक कारोबारको सही र दुरूस्त अवस्था दर्शाएको छ भन्ने कुरामा विश्वस्त हुन प्रचलित कानुन र नेपाल लेखापरिक्षणमान अनुसार लेखापरिक्षण योजना र कार्यक्रम तयार गरी सोको आधारमा लेखापरिक्षण गरी राय प्रदान गर्नु हाम्रो उत्तरदायित्व हो ।

२। हामीले स्थानीय निकायसँग सम्बन्धित कानुन, लेखापरिक्षणको सर्वमान्य सिद्धान्त र नेपाल लेखापरिक्षणमानको आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौं । ती कानुन, सिद्धान्त र लेखापरिक्षणमान अनुसार प्रस्तुत आय व्यय विवरण सारभूत रूपमा आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरिक्षण योजना तयार गरी तद्अनुरूप लेखापरिक्षण सम्पन्न गर्नुपर्दछ । आय व्यय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याँई गर्ने प्रमाणको छड्के परिक्षणसमेत लेखापरिक्षणमा समावेश हुन्छ । कार्यालयले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं आय व्यय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३। लेखापरिक्षणको क्रममा हाम्रो जनकारीमा आएका महत्वपूर्ण व्यहोरा र कैफियतहरू उपमहानगरपालिका व्यवस्थापनलाई उपलब्ध गराइएको र सो उपर व्यवस्थापनको प्रतिक्रिया समेतलाई विचार गरी यसैसाथ अनुसुचीमा संलग्न गरेका छौं ।

४। हाम्रो रायमा, व्यवस्थापनबाट प्राप्त प्रतिनिधित्व पत्र, माथि बुंदा नं. ३ सग सम्बन्धित अनुसुचीमा उल्लेख भएका व्यहोराले पार्ने प्रभावको असर बाहेक प्रस्तुत आय व्यय विवरणले स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम उपमहानगरपालिकाको आर्थिक वर्ष २०७१।०७२ को लेखा र आर्थिक कारोबारको सही र दुरूस्त अवस्था दर्शाउँछ ।

मिति: २०७२।०९।१२
स्थान: ललितपुर, नेपाल

सि.ए. शैलेन्द्र उप्रेती
चार्टर्ड एकाउन्टेन्टस्

## ललितपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७१।०७२ को अन्तिम लेखापरीक्षकको प्रतिवेदन

## अनुसूची

**लेखा आधार**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ परिच्छेद(३) को नियम १९ (१) अनुसार उपमहानगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणलीको सिद्धान्तमा आधारित प्रोदभावी आधारमामा राख्नू पर्नेछ । नियम १९ (३) अनूसार यो नियमावली लागु हुँदाका बखत कायम रहेका उपमहानगरपालिकाले यो नियमावली लागु भएको मितिले ५ वर्षभित्रमा प्रोदभावी कारोवारमा लेखा राख्नुपर्नेछ । तर ललितपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७१।०७२ सम्म पनि नगद आधारमा लेखा राखेको पाइयो ।

**आम्दानी बैंक दाखिला**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०(२) मा नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैंक दाखिला गर्नुपर्नेछ भएको व्यवस्थाको पुर्ण पालना गर्ने तर्फ ध्यानाकर्षण गराउँछौं ।

**कर आम्दानी**

यस आर्थिक वर्षमा ललितपूर उपमहानगरपालिकाले आन्तरिक आय मार्फत् रु. १७७,२६०,३९५।४६ आम्दानी गरेको भएतापनि ललितपुर उपमहानगरपालिकाले नगद आधारमा लेखा राख्ने गरेकाले यस वर्षको यथार्थ आयमा विगतका वर्षहरु देखि बक्यौता बाँकी रही यस आर्थिक वर्षमा मात्र संकलन गरिएका आय रकम समेत समावेश गरिएको देखियो । तसर्थ उचित लेखाङ्कन पद्धतिको अभावमा आ.व. २०७१।०७२ सँग मात्र सम्बन्धित रहेका आय रकमको यकिन गर्न सकिएन ।

उपमहानगरपालिकाले अधिकांश अवस्थामा विभिन्न करदाताहरुको लगत बमाजिम आर्थिक वर्षको अन्त्यमा बक्यौता रकम गणना गर्नुपर्नेमा सो नगरिएको देखियो ।

ललितपुर उपमहानगरपालिकाले घरजग्गा कर सम्बन्धीको लगत स्थलगत निरीक्षण गरी अद्यावधिक नगरेको पाइयो ।

उपमहानगरपालिकाले नियमको अभावमा रियल स्टेट अन्तर्गत बिक्री गरिएका फ्ल्याटहरुको कर रकम तिनीहरुले चर्चेको क्षत्रफलको आधारमा गरेको देखियो ।

स्थानीय स्वायत्त शासन नियमावली २०६४ को नियम १४२ अनूसुची १० मा उपमहानगरपालिले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्नेमा व्यवस्था अनूरुप मुख्य व्यवसायीलाई १९ वर्गमा वर्गिकरण गरेको र व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरिएको पाइएन ।

खर्च शीर्षकको वर्गीकरण र लेखांकन

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा नगरपालिकाहरुको खर्च वर्गीकरण र व्याख्या गरेको छ । उपमहानगरपालिकाले उक्त प्रावधानको अनुसार लेखाकंन गर्नूपर्नेमा सो अनुरुप नगरी फरक शीर्षकहरुमा लेखा राख्ने गरेको देखियो ।

लेखा समिति राजश्व परामर्श समिति र आवधिक योजना

- ऐनको दफा ९४(२) बमाजिम लेखा समितिको निर्णय उपलब्ध भएन ।
- नियम ११८ बमोजिम नगरस्तरीय राजश्व परामर्श समितिको निर्णय उपलब्ध भएन ।
- ऐनको दफा १३५ बमाजिम पांच वर्षको आवधिक योजना तर्जूमा गरेको देखिएन ।

नेपाल सरकार सूचना प्रविधि उच्चस्तरीय आयोगबाट हस्तान्तरण भई आएको सामानको इकाई मुल्य खुलाउनुपर्नेमा खुलाइएको पाइएन ।

ललितपुर उपमहानगरपालिकाले आ.व. २०७१।०७२ मा जिन्सी निरीक्षण गरेको भएतापनि नियम २१४ (२) बमाजिम मालसामानको संरक्षण र संभारबारे साथै के कति सामान बेकम्मा भई लिलाम बिकी वा मिन्हा गर्नुपर्नेछ भनी नखुलाइएको पाइयो ।

लेखा व्यवस्थित गर्न एकाउण्टिङ्ग सफ्टवेयर र राजश्व सम्बन्धी सफ्टवेयर

लेखा शाखा र राजश्व शाखाले सफ्टवेयर प्रयोगमा ल्याए पनि सम्पुर्ण वित्तिय विवरण त्यसबाट तयार गरेको देखिएन ।

राजश्व

आर्थिक कार्यविधि नियमावली २०६४ अनूसार आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र राजश्व लगत, असुल हुन बांकी रकम समेतको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । राजश्व शाखाले ऐन, नियम अनुसार अद्यावधिक लेखा राखी राजश्वको आर्थिक विवरण पेश गर्ने नगरेको कारण राजश्व विवरण यथार्थपरक हुन सकेको छैन ।

उपमहानगरपालिकाले उठाउनुपर्ने राजश्वको मुल आधार (Basic Record) तयार गरेको देखिएन । करदाताले घोषणा गरेको विवरण र सो आधारमा नगरपालिकाले निर्धारण गरेको कर रकम नै उपमहानगरपा लिकाको राजश्व मान्ने प्रकृया विद्यमान अवस्थामा छ । करदाताले तिर्न ल्याए बुझिलिने बाहेक कानूनमा व्यवस्था भएका प्रकृयाहरु उपमहानगरपालिकाले अवलम्बन गरेको देखिएन ।

नगरपालिकालाई करदाताको कारोबार एवम् चलअचल सम्पत्ति रोक्का गरी बक्यौता असुलउपर गर्नसक्ने कानूनी व्यवस्था रहेतापनि नगरपालिकाले करदाताको अभिलेख राखी बक्यौता कर रकम असुल्ने प्रकृयाको थालनी गरेको पाइएन ।

आन्तरिक आय

उपनगरपालिकाले मालपोतको यस आर्थिक वर्षमा उठ्न बाँकी बक्यौताको लगत तयार गरी सोही अनुसारको मालपोत असुल गर्नुपर्नेमा सो लगत तयार गरेको देखिएन । लगत यकिन नभएको हुंदा नगरपालिकाले कुल लगत रकमको कति प्रतिशत मालपोत असुल गरेको हो, कति मालपोत उठ्न बाँकी रहेकोजस्ता कुराहरुको यकिन गर्न सकिएन । नगरपालिकाले विगतका वर्षदेखिका मालपोत रकम पनि यस आर्थिक वर्षमा संकलन गरेको हुनाले यस आर्थिक वर्षको मात्र मालपोत रकम कति उठ्न गएको भन्नेबारे यकिन गर्न सकिएन ।

नगरपालिकाले लगत नराख्ने, मालपोत बुझाउन आउनेले दिएको विवरणको आधारमा मालपोत असुल गर्ने प्रचलन रहेको पाईयो । मालपोत सम्बन्धी लगत अद्यावधिक राख्न ध्यानाकर्षण गराउछौं ।

घरजग्गा करः
घरजग्गा कर असुल गर्ने अधिकार उपमहानगरपालिकामा सरे देखिको घरजग्गा करको सालबसाली वक्यौताको लगत तयार गरी सो अनुसार असुल गर्नु पर्नेमा सो अनुरुप गरेको पाईएन । करको दायरामाभित्र परेका करदाताले आफैं आएर बुझाएको विवरणको आधारमा घरजग्गा कर निर्धारण गरी असुल गर्ने गरेको पाईयो ।

करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन सरकारी कार्यालयहरु र नक्शा शाखाबाट प्रदान गरिने निर्माण कार्य सम्पन्न प्रमाणपत्रलाई आधार बनाई अनूगमन गरी करको दायराभित्र ल्याउन ध्यानाकर्षण गराउछौं ।

घरवहाल करः

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३७ अनूसार आफनो क्षेत्र भित्रको घर, पसल, गोदाम, टहरा, कारखाना, जग्गा एवं पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएकोमा सम्वन्धित धनीबाट वहाल रकमको बढीमा २% सम्म बहालकर उपनगरपालिकाले लिन सक्ने व्यवस्था छ । तर यस उपमहानगरपालिकाले वहालमा राखेका करदाताहरुको लगत अद्यावधिक गरी नराखेको पाइयो ।

राजश्व कर तिर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैंले आफ्नो वहाल आम्दानी देखाई त्यस रकम अनुसारको कर उपमहानगरपालिकामा दाखिला गर्ने गरको पाइयो ।

उपमहानगरपालिका क्षेत्रका घरजग्गाको लगत राख्ने, नयाँ बनेका घरबाट कर असूल गर्ने तथा उठ्न बाँकी रकमको हिसाव राखी सोही अनुरुप कर रकम असुल गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराउछौं ।

S. Uprety & Associates * Kathmandu * Chartered Accountants

व्यवसाय करः

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४२ अनूसुची १० अनुसारका व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा सो अनुसार व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरिएको पाइएन ।

## सवारी कर

सवारी साधनको संख्या दिनानुदिन बढी रहेको अवस्थामा सवारी कर असूलीमा अझ वृद्धि गर्न दर्ता भएका सवारीहरुमध्ये नविकरण गर्दा प्राप्त हुनुपर्ने आम्दानीको लगत तयार गरी सोका आधारमा सवारी कर असुल गर्ने व्यवस्था गर्नुपर्नेमा सोको हिसाब नराखी असुल गर्ने गरेकोले अन्तिम वक्यौता रकमबारे यकिन गर्न सकिएन । यातायात व्यवस्था कार्यालयमा भएको सवारी दर्ताको आधारमा प्रत्येक आर्थिक वर्षमा संकलन गरिनुपर्ने र संकलन भएको रकमको लगत तयार गरी कर असुलीलाई प्रभावकारी बनाउन ध्यानाकर्षण गराउदछौं ।

## सम्पत्तिको अखिलेख

### स्थिर सम्पत्ति:

१। उपमहानगरपालिकाको स्वामित्वमा रहेका/उपभोग भईरहेका जग्गा, भवन, जंगल जस्ता प्राकृतिक सम्पत्तीको अभिलेख राखेको देखिएन ।

२। उपमहानगरपालिका भित्र उपमहानगरपालिकाले संरक्षण गर्नु पर्ने भवन, स्मारक, पाटी, पौवा, सत्तल, धारा, मन्दिर आदिको अभिलेख राखेको पाईएन ।

३। नगरपालिकाको स्वामित्वमा रहेका भनिएका उपभोग भईरहेका जग्गा तथा भवनहरुको विवरण र स्वामित्व सम्वन्धी कुनै आधिकारीक कागजपत्र उपलव्ध भएन ।

## पेश्की

ललितपुर उपमहानगरपालिकाबाट विभिन्न वडा प्रतिनिधी, कर्मचारी, ठेकेदार, उपभोक्ता समिति, पदाधिकारी र विभिन्न संघ संस्थाले लिएको पेश्की लामो समय बित्दा समेत फछ्र्यौट नगरेको पाईयो । पेश्की लिएका वडा प्रतिनिधि, कर्मचारी, ठेकेदार, उपभोक्ता समिति र विभिन्न संघ संस्थाबाट उपमहानगरपालिकाले वर्षान्तसम्ममा रु. १३६,४५२,७७५।२४ रकम असुलउपर गर्न बांकी रहेको देखिन्छ । यस आर्थिक वर्षमा पेश्कीको अवस्था निम्नानुसार रहेको देखिन्छ ।

(रकम रु. मा)

| नाम | गतवर्षको पेश्की जिम्मेवारी | चालूवर्षको पेश्की भुक्तान | कुल पेश्की फछ्र्यौट | कुल पेश्की बांकी |
|---|---|---|---|---|
| पदाधिकारी | ७५७,४७८।१७ | ० | ० | ७५७,४७८।१७ |
| वडा कार्यालय | ४,८८७,२५६।१५ | ० | ० | ४,८८७,२५६।१५ |
| उपभोक्ता समिति | ६३,२३६,१८७।९४ | ९४,१५८,२५६।६६ | १०१,६१४,३८७।९२ | ५५,७८०,०५६।६६ |

| | | | | |
|---|---|---|---|---|
| कर्मचारी | २,६००।०० | ६६,६५३,०९५।०० | १४,८७८,६९५।०० | ५१,७७७,०००।०० |
| संघसंस्था | २०,२९८,२६८।२४ | १५,८६३,९७०।०० | १२,९११,२५४।०० | २३,२५०,९८४।२४ |
| कुल | ८९,१८१,७९०।५० | १७६,६७५,३२१।६६ | १२९,४०४,३३६।९२ | १३६,४५२,७७५।२४ |

- कर्मचारी पेश्की अन्तर्गत रु. ५९,५५०,००० पेश्की रकम भूकम्प पिडितहरुलाई अस्थाई राहत बाड्न आषाढमा भुक्तानी गरेको पाईयो । सो पेश्की रकम मध्ये रु. ७,८००,००० फछ्र्योट भएको देखियो । सो रकम बाहेक लामो समयदेखि बांकी रहेको पेश्की उपमहानगरपालिकाले उठाउन प्रभावकारी पहल नगरेको पाइयो ।
- नियमावलीमा पेश्की फटर्योट भए वा नभएको जानकारी दिन, पेश्की फछ्र्योट समयमा गराउन पेश्कीको सुची तयार गरी, समिक्षा गरी फछ्र्योटको काय गर्नुपर्ने र यस्तो समिक्षा भएको निर्णयको अभिलेख राख्नुपर्ने व्यवस्थाको पालना तर्फ ध्यानाकर्षण गराउछौ ।
- तोकिएको समयमा पेश्की फछ्र्योट नगरेमा वा तोकिएको समयभित्र काम तामेल नभई पेश्की बांकी रहन गएमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० बमाजिम त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि वार्षिक १०% का दरले सांवा र व्याज समेत बुझाउनुपर्नेमा पेश्की रकम नै लामो समयसम्म फछ्र्योट हुन नसकेको देखिएबाट यस व्यवस्थाको पालना गर्न तर्फ ध्यानाकर्षण गराउछौं ।
- स्थानीय स्तरका उपभोक्ता समिति मार्फत गराइएका कामको लागि गठित उपभोक्ता समितिलाई दिएको पेश्की रकम र संघ संस्थालाई विकास निर्माण तथा विभिन्न कार्यक्रमको लागि दिएको पेश्की कार्य सम्पन्न भएपछि फछ्र्योट गर्नुपर्नेमा सो अनुरुप भएको नदेखिंदा या त कार्य अधुरो रहेको वा पेश्की फछ्र्योट गर्ने अनावश्यक ढिलाइ भएको तर्फ ध्यानाकर्षण गराउछौ ।
- जनप्रतिनिधी तथा पदाधिकारीलाई दिइएको पेश्की प्रयोजन नखुलाईएको तथा लामो समयसम्म पनि फछ्र्योट नभएको तर्फ ध्यानाकर्षण गराउछौ ।

पेश्की लिएको रकम फछ्र्योट गरेपछि मात्र अर्को पेश्की दिनूपर्ने व्यवस्थाको पूर्ण पालना नभएको तर्फ ध्यानाकर्षण गराउछौं ।

<u>आर्थिक सहायता</u>

आर्थिक अवस्था कमजोर भएको व्यक्ति, अशक्त तथा रोगी, बेखर्ची तथा सांस्कृतिक एवं सामाजिक उत्थानको दागि व्यक्ति संघ, संस्था आदिलाई तयार गरी आर्थिक सहायता वितरण गर्नुपर्नेमा कार्य प्रयोजनबारे ठोस जनकारी नलिई गैर सरकारी संस्था, सहकारी संस्था, खेलकुद संस्था तथा अन्य विभिन्न व्यक्तिहरुलाई भुक्तानी भएका खर्चका रकमहरु यसमा समावेश गरिएका तर्फ ध्यानाकर्षण गराउछौं ।

<u>योजना</u>

<u>योजना छनौट तथा कार्यान्वयन:</u>

S. Uprety & Associates Kathmandu Chartered Accountants

योजना छनौट गर्दा समयावधि बनाएर गर्नुपर्ने, अति आवश्यक बाहेकका योजनाहरु बैशाख मसान्त पश्चात् स्वीकृत नगरिने प्रावधान भएतापनि यस आर्थिक वर्षमा सम्झौता भएका योजनाहरु मध्ये केही योजनाहरु बैशाख मसान्तपछि पनि सम्झौता गरेको पाइयो । योजना छनौट गर्दा छनौटको आधार खुलाएर गरेको देखिएन ।

उपमहानगरपालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको बजेटको पनि पूर्ण रुपले सदुपयोग नभएको तथा अधिकांश बजेट वर्षान्तमा फ्रिज भएको तर्फ ध्यानाकर्षण गराउछौं ।

<u>योजना, लागत अनुमान:</u>

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार जुनसुकै निर्माण कार्य, मालसमान, परामर्श सेवा तथा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गरि स्वीकृत गरेको हुनु पर्ने व्यवस्था छ । उपमहानगरपालिकामा लागत अनुमान तयार गर्दा केही कार्यहरुमा लागत अनुमान स्विकृत भएको मिति, काम गर्न लाग्ने अवधिजस्ता आवश्यक कुराहरु खुलाउने गरेको पाईएन । लागत अनुमान गर्दा नियमावलीमा व्यवस्था भए वमोजिम गर्न ध्यानाकर्षण गराउंछौ ।

**उपभोक्ता समितिबाट भएका कार्यहरु सम्वन्धमा:**

- उपभोक्ता समितिले आफ्नो समितिको सुचीकरण दर्ता, नवीकरण, साधारण सभा तथा वार्षिक कार्यक्रम बजेटको विवरण सम्बन्धित कागजपत्र उपलब्ध गराउने नगरेको ।
- स्थानीय निकाय आर्थिक नियमावली २०६४ वमोजिम उपभोक्ता समितिबाट काम गराउने प्रयोजनको लागि उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गिकरण र सुचिकृत गरी उनीहरुको लगत अद्यावधिक गरेको देखिएन ।
- सम्झौता गर्दा लागत अनुमानको अंकलाई मात्र ध्यान दिने गरेको र सम्पादन कार्यलाई गौण गर्ने गरेको देखियो ।
- सम्झौता अवधि भित्र कार्य सम्पादन भएको देखिएन ।
- योजना कार्य सकिएपनि उप.न.पा. बाट लिएको पेश्की रकम नियमावलिमा उल्लेख भएको समय भित्र फछ्र्यौट गर्नुपर्नेमा पेश्की दिदा कार्य सम्पादन जमानत लिने प्रवधान नभएकोले समयमा पेश्की फछ्र्यौट तथा कार्य सम्पादन हुने नगरेको र पेश्की रकम समयमा फछ्र्यौट भएको देखिएन ।
- पेश्की फछ्र्यौटको लागि बिवरण बुझाउंदा संलग्न बिल भर्पाई समितिको स्विकृति, कतिपय ज्यालाको भरपाईमा पाउने ब्यक्तिको हस्ताक्षर नै नभएको र उपनगरपालिकाबाटपनि कुनै बिल भपाईमा कुनै स्विकृत गर्ने गरेको देखिन नगएबाट योजना कार्यान्वयन भए-नभएको र संझौता बमोजिम भएको भन्ने यकिन गर्न सकिने आधार देखिएन ।
- उपभोक्ता समितिबाट तयार भएका संरचनाको आवधिक भौतिक परिक्षण गर्न गरेको पाईएन ।
- उपमहानगरपालिकाले सम्पन्न भएका योजनाहरुको स्वतन्त्र व्यक्तिहरुबाट सार्वजनिक परिक्षण गराउने गरेको पाइएन ।
- उपभोक्ता समितिबाट सम्पन्न कार्यहरु उपनगरपालिकाले जाँचपास तथा फरफारक गर्नुपर्ने, त्यस्तो कार्यको रेखदेख, मर्मत सम्भार गर्ने, जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने र यसरी हस्तान्तरण भई प्राप्त आयोजनाको सेवा वापत

उपभोक्ता समितिको दस्तुर तोकि आफनो कोष खडा गरी संचालन गर्नुपर्ने व्यवस्था भएकोमा उपभोक्ताबाट सम्पन्न सबै योजनाहरुको जाँचपास हस्तान्तरण पश्चात कुनै कार्य हुने गरेको देखिएन । साथै सम्पन्न योजनहरुको लगत खडा गरी सो योजनाहरुको अवस्थाबारे कुनै विवरण राख्ने गरेको पाइएन ।

- आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५)(द) अनूसार उपभोक्ता समितिले आफुले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारण सहित निवेदन दिएमा खण्ड (त) वमोजिमको उपभोक्ता समुह र उपभोक्ता मितिले गरेको निर्णयको आधारमा सम्बन्धीत स्थानीय निकायले म्याद थप गर्न सक्नेछ । तर साधारणतया यस्तो म्याद थपको अवधि कार्य सम्पन्न गर्नुपर्ने अवधि भन्दा बढी हुने छैन । तर ललितपुर उपमहानगरपालिकाले निर्माण कार्यमा यो दफा पूर्ण रुपमा लागु गरेको देखिएन । सम्झौता गर्दा थोरै समयअवधीको लागि गर्ने र पछि लामो समय म्याद थप्ने कार्य भएको पाइयो ।
- स्थानीय निकाय आर्थिक प्रशाासन नियमावली, २०६४ को नियम १५५ (घ) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा स्थानीय व्यक्ति मध्ये पुरा ज्यालामा काम गर्ने, कम ज्यालामा काम गर्ने वा ज्याला नलिई काम गर्नेहरुका सम्बन्धमा छुट्टाछुट्टै स्पष्ट अभिलेख राख्नुपर्ने प्रावधान उल्लेख गरेको भएतापनि उपभोक्ता समितिबाट कार्य गराउँदा उक्त अभिलेखहरु लिने गरेको पाइएन ।

**सामाजिक परीक्षण:**

स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम २०१(१) मा स्थानिय निकायले एक आर्थिक बर्षमा सम्पादन गरेको कार्यकमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र सामाजिक परीक्षण गराउनु पर्ने ब्यवस्था छ । तर यस्तो परीक्षण गर्ने गरेको देखिएन । सामाजिक परीक्षणले योजनामा भएको खर्चको उपगोग सम्बन्धमा आश्वशतता प्रदान गर्ने हुँदा यस्तो प्रणाली लागु गर्न सुझाव छ ।

**अधूरा योजना:**

आ.व. २०७०।७१ को अन्त्यमा अधुरो रहेका योजनाहरुको यस आर्थिक वर्षसम्म पनि पूरा नभएको समेत पाइयो । यसरी विगतका वर्षदेखि योजनाहरु समयमै सम्पन्न नभई बांकी रहनुले योजनाको अनुगमन तथा सुपरिवेक्षण पक्ष कमजोर दर्शाउंछ ।

**खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद मौजुदा सुचीमा रहेका आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्छ । उक्त नियमको पूर्णरुपले पालना देखिएन ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७६ फुटकर खरिदमा रु. १,५०,००० भन्दा बढी रकमको खर्च भैजाने वा पूंजीगत मालसामान वा निर्माण कार्य वा परामर्श सेवा सोझै खरिद गर्न नसकिने प्रावधान रहेको छ । तर ललितपुर उपमहानगरपालिकाले पटक पटक गरी एउटै पार्टीबाट विभिन्न मितिमा सोझै सामान खरिद गर्दै आइरहेको देखियो ।

S. Upreti & Associates, Kathmandu, Chartered Accountants

उपमहानगरपालिकाको खरिद सम्बन्धी काम जिन्सी शाखाबाट गरिँदै आएको पाइयो । यसरी जिन्सी र खरिदशाखा एउटै हुनुलाई आन्तरिक नियन्त्रण प्राणालीको कमीका रुपमा देखियो ।

### कर्मचारी प्रशासन

ललितपुर उपमहानगरपालिकाले कर्मचारीको कार्यको मूल्याङ्कन फाराम प्रत्येक वर्ष भरी अभिलेख राख्नुपर्नेमा अभिलेख राख्ने गरेको पाइएन ।
कर्मचारीहरुलाई सुविधा प्रदान गर्दा कामको आधारमा निश्चित मापदण्ड बनाई सोहीअनुरुप लागु गर्नुपर्नेमा कुनै मापदण्ड वा कर्मचारी विनियमावली बनाएको पाइएन ।

### प्रशासनिक खर्चको हद

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३४ अनुसार उपमहानगरपालिकाले स्विकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको २५ प्रतिशत भन्दा बढी रकम प्रशानिक कार्यका लागि खर्च गर्न नपाउने हुन्छ । नियमको प्रयोजनका लागि प्रशासन खर्च भन्नाले विकास योजना, सरसफाई, दमकल र एम्बुलेन्स खर्च बाहेक तलव, भत्ता, कर्मचारी कल्याण कोष, ईन्धन, मर्मत, मसलन्द, फर्निचर, भैपरी, आर्थिक सहायताजस्ता खर्चलाई प्रशासनिक खर्चका रुपमा मानिनेछ ।

यस आर्थिक वर्षमा ललितपुर उपमहानगरपालिकाको खर्चको हद र यथार्थ प्रशासनिक खर्च गणना गर्दा प्रशासनिक खर्च रकम रु. ७४,६४०,४५६।६२ ले बढी हुन गएको देखियो ।

### धरौटी सम्बन्धी व्यवस्था

नियम ६६ को उपनियम २ बमाजिम धरौटी राखेको व्यक्तिले आफ्नो धरौटी फिर्ता लिन नआएमा कार्यालय प्रमूखले राजश्व आम्दानी बाँध्नुपर्ने प्रावधान छ तर उपमहानगरपालिकाले त्यस्तो धरौटीका सम्बन्धमा कुनै कार्यवाही गरेको पाइएन ।

ललितपुर उपमहानगरपालिकाले विगतका वर्षदेखि नै दाखिला भएको तर बैंकमा जम्मा नदेखिएको भन्दै एकमुष्ठ रु. ५५,३८१।९३ बैंक रिकन्सीलेसनमा उल्लेख गरेको पाइयो ।

### उपमहानगरपालिकाको धरौटी

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९४ अनुसार नगरपालिकाले टेलिफान, धारा, बत्ती र यस्तै अन्य सुविधावापत धरौटी राखेको रकमको विवरण निर्धारित ढांचामा जिल्ला प्रशासन समितिमा पठाउनुपर्ने र त्यस्तो विवरण प्राप्त भएपछि सो कार्यलयले धरौटी रकमको छुट्टै लगत जनाई त्यसको सुचना नगरपालिकालाई दिनुपर्ने र यसरी प्राप्त सुचनाको आधारमा नगरपालिकाले आफ्नो पेश्की खातामा फछ्र्यौट जनाउनुपर्ने व्यवस्था छ । तर उपनगरपालिकाले सो अनुसार विवरण पठाएको पाइएन ।

S. Uprety & Associates * Kathmandu * Chartered Accountants